संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २३ गते बिहीबार

प्रतिनिधि सभाको आजको सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० डिला सँग्रौला (पंत)
२. मा० श्री तिलबहादुर महत क्षेत्री
३. मा० श्री दलबहादुर राना
४. मा० श्री दिल कुमारी
५. मा० श्री दिपक प्रकाश भट्ट
६. मा० श्री दुर्गा पौडेल
७. मा० श्री देवप्रसाद गुरुङ
८. मा० श्री देवप्रसाद तिमलसेना
९. मा० श्री देवेन्द्र राज कंडेल
१०. मा० श्री धर्माशीला चापागाई
११. मा० श्री नविना लामा
१२. मा० श्री नरबहादुर धामी
१३. मा० श्री नवराज रावत
१४. मा० श्री नवराज सिलवाल
१५. मा० श्री नारायण प्रसाद खतिवडा
१६. मा० श्री नारायण प्रसाद मरासिनी
१७. मा० श्री निरुदेवी पाल
१८. मा० श्री पदम गिरी
१९. मा० श्री पद्मा कुमारी अर्याल
२०. मा० श्री पार्वती कुमारी विशुन्के
२१. मा० श्री पुष्पा भुसाल (गौतम)
२२. मा० श्री पोल्देन छोपाङ गुरुङ्ग
२३. मा० श्री प्रेम सुवाल
२४. मा० श्री दिव्यमणि राजभण्डारी

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय अर्थ मन्त्री श्री जनार्दन शर्माले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७९/३/२० (डा. तोयनारायण ज्ञवाली)
सचिव

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट मा० श्री भिमसेन दास प्रधानलाई राज्य व्यवस्था तथा सुशासन समितिमा रहने गरी हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "मुस्लिम आयोगको वार्षिक प्रतिवेदन (२०७७ श्रावण - २०७८ आषाढ)" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७९ असार २२ गते गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन नसकेको "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ८ सम्म "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले "विकास तथा प्रविधि समितिको प्रतिवेदन सहितको खानेपानी तथा सरसफाइ विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त विकास तथा प्रविधि समितिको प्रतिवेदन सहित "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री खेमप्रसाद लोहनी
३. मा० श्री मन कुमारी जि.सी.
४. मा० श्री बिमला वि.क.

५. मा० श्री प्रेम सुवाल
६. मा० श्री नवराज सिलवाल
७. मा० श्री केदार सिग्देल
८. मा० डा० डिला सँग्रौला (पंत)
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री दुर्गा पौडेल
११. मा० श्री राजेन्द्र कुमार के.सी.
१२. मा० श्री भिमसेन दास प्रधान
१३. मा० श्री मिना सुब्बा

तत्पश्चात मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" का सम्बन्धमा विकास तथा प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ६० सम्म "खानेपानी तथा सरसफाइ विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "खानेपानी तथा सरसफाइ विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले "खानेपानी तथा सरसफाइ विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री यज्ञबहादुर बोगटीले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ८५ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै बैठकको कार्यक्रम अगाडि बढ्ने जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "खानेपानी तथा सरसफाइ विधेयक, २०७७ लाई पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री मन कुमारी जि.सी.

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ७ सम्म "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)लाई "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २४ गते शुक्रबार दिनको २:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव